# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ४ संख्या १४ मिति २०७७ श्रावण १६ गते

## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्ले, काभ्रेपलाञ्चोकको

## सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

जलस्रोत व्यवस्थापन कार्यविधि २०७७”

**प्रस्तावना:** भुम्लु गाउँपालिका अन्तर्गत सवै वडाका क्षेत्र भित्र स्वच्छ खानेपानीको पहूँच सबै गाउँ टोलबासिहरुमा पुऱ्याउने उद्देश्यले स्वच्छ खानेपानीको ब्यबस्थापन गर्न खानेपानी मुहान तथा उपभोक्ता समितिहरुको दर्ता तथा स्थापना गर्ने सम्बन्धमा व्यवस्था गर्न बान्छनीय भएकोले, भुम्लु गाउँपालिकाको पूर्वाधार विकास सम्बन्धी ऐन २०७४ को दफा २१ तथा भुम्लु गाउँपालिकाको "वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन २०७६" को दफा ३७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी भुम्लु गाउँपालिकाको कार्यपालिका बाट यो कार्यबिधि वनाइएको छ ।

## परिच्छेद-१
## प्रारम्भीक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **"भम्लु गाउँपालिका जलस्रोत व्यवस्थापन कार्यविधि २०७७"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलगेमा यस कार्यविधिमा

(क) "जलस्रोत" भन्नाले गाउँपालिका भित्रको भूसतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ ।

(ख) "लाभदायक उपयोग" भन्नाले उपलब्ध साधन र स्रोतले भ्याएसम्म उचित रुपले गरिएको जलस्रोतको उपयोग सम्झनुपर्छ ।

(ग) उपभोक्ता समिति / संस्था भन्नाले दफा ६ बमोजिम गठीत खानेपानी उपभोक्ता संस्था/ समितिलाई सम्झनु पर्छ ।

(घ) “वातावरण तथा विपदा समिति” भन्नाले गाउँपालिकाको वातवारण तथा विपद व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ङ) “उपभोक्ता” भन्नाले सम्बन्धीत सेवा प्रयोग तथा उपभोग गर्ने व्यक्ति वा समुहलाई सम्झनु पर्छ ।

(च) “गाउँपालिका” भन्नाले भुम्लु गाउँपालिकालाई सम्झनु पर्छ ।

३. **डिपबोरिङ्गको लागि स्वीकृति लिनुपर्नेः** उपदफा (२) बमोजिम जलको प्रयोग गर्दा डिप बोरिङ्ग गर्नुपर्ने भए नियमाअनुसार अनुमति लिनु पर्नेछ ।

## परिच्छेद-२

## जलस्रोतको स्वामित्व तथा उपयोग

४. **जलस्रोत स्वामित्व**ः (१) गाउँपालिका भित्र रहेको जलस्रोतको स्वामित्व संघीय र प्रदेश कानुनले अन्यथा गरेकोमा बाहेक गाउँपालिकामा निहित रहनेछ ।

५. **जलस्रोत उपयोग :** (१) यस कार्यविधि बमोजिम स्थानीय खानेपानी उपभोक्ता संस्था/ समितिले गाउँपालिकामा दर्ता नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन ।

(२) परम्परागत रुपमा भोगचलन गर्दै आएको खानेपानी मुहान, कुलो वा जलस्रोत उपयोगको संरचना स्थानीय खानेपानी उपभोक्ता समिति /संस्थाले सामुहिक हितको लागि प्रयोगमा ल्याउन बाधा पुगेको मानिने छैन ।

(३) परम्परा देखि प्रचलनमा रहको खानेपानी वा कुलो वा जलस्रोतहरुको सामुहिक हितको लागि उपभोक्ता संस्था / समितिले जलस्रोतको उपयोगको लागि कुनै संरचना (कुलो,पाइप विच्छ्याउन, ट्याङ्की निर्माण) बनाउन परेमा उक्त स्थानमा व्यक्तिको निजी जग्गामा निरन्तर उपभोग भई आएकोमा कसैले बाधा पुर्याउन पाइने छैन ।

(४) उपदफा (३) बमोजिम संरचना बनाउन जग्गा दिए बापत उपभोक्ता समिति/ संस्थाले प्रयोगमा आएको जग्गाको प्रचलित मूल्य बमोजिमको रकम वा मनासिव क्षतिपूर्ति सम्बन्धीत जग्गाधनीलाई दिनुपर्नेछ । उपभोक्ता र निजि जग्गाधनीको सहमतीमा सो प्रकृतिको जग्गा सार्वजनिक सम्पतिमा परिणत गर्न सकिनेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैन।

(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिँचाई गर्न,

(ग) जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको जलस्रोत नियमाअनुसार उपयोग गर्न ।

(६) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नु पर्नेछ ।

६. **खानेपानी उपभोक्ता समिति/ संस्था गठनः** (१) भुम्लु गाउँपालिका क्षेत्रभित्र रहेका जलस्रोतका मुहानको संरक्षण गरी संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने स्थानीय उपभोक्ताहरुले खानेपानी उपभोक्ता संस्था/ समिति गठन गर्न सक्नेछन ।

(२) उपदफा(१) बमोजिम उपभोक्ता समिति गठन गरी दर्ता गराउन चाहने सम्बन्धीत उपभोक्ताहरु मध्येबाट कम्तीमा ७ जना उपभोक्ताहरुले अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धीत वडा कार्यालयको सिफारिस सहित उपभोक्ता समितिको १ प्रति विधानसहित गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

## परिच्छेद-३
## विधान

७. **विधान वनाउनु पर्नेः** (१) दफा ६ बमोजिम गठन हुने खानेपानी उपभोक्ता समिति / संस्था दर्ता गर्नका लागि समितिले विधान तयार गरी कार्यालयमा पेश गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम पेश हुने विधानमा देहायका विषयहरु समेटिएको हुनु पर्नेछ ।

(क) खानेपानी उपभोक्ता समितिको पूरा नाम र ठेगाना,

(ख) उदेश्य तथा कार्यक्षेत्र ,

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क ,

(घ) सदस्यको निष्काशन र राजिनामा ,

(ङ) हक दावी , नामसारी वा हकवालाको मनोनयन,

(च) साधारण सभा सम्बन्धी

(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम, कर्तव्य र अधिकार)

(ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था,

(झ) सञ्चालक समितिको वैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष र लेखापरिक्षण

(ट) विधान संशोधन सम्बन्धी व्यवस्था

(ठ) संस्था/ समिति विघटन सम्बन्धी व्यवस्था

(ड) विविध

## परिच्छेद-४
## समिति दर्ता/ नविकरण /विघटन

८. **दर्ता, प्रमाणपत्र, दर्ता शुल्क र नविकरण दस्तुर** : (१) दफा ६ बमोजिम पर्न आएको दरखास्त उपर गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन समितिले आवश्यक जाँचवुझ गरी उपभोक्ता समिति/ सस्था दर्त गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसुची -२ बमोजिमको ढाँचामा खानेपानी उपभोक्ता समिति/ संस्था दर्ताको प्रमाणपत्र दिनु पर्नेछ । यसरी प्रमाणपत्र उपलब्ध गराउँदा रु.१,०००।- (एक हजार रुपैयाँ मात्र) दर्ता शुल्क लिनुपर्नेछ ।

(२) यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका खानेपानी मुहान संरक्षण र उपभोक्ता संस्था/ समितिहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(३) खानेपानी उपभोक्ता/ संस्था समितिले प्रत्येक वर्ष रु. ५००।— (अक्षेरुपी रु. ५०० मात्र) तिरी नविकरण गर्नु पर्नेछ । यस कार्यविधि वन्नु अगावै दर्ता भएका खानेपानी उपभोक्ता संस्था/ समितिले वार्षिक रु. ५००।— का दरले नविकरण दस्तुर बुझाइ नविकरण गर्न सक्नेछन । ३ वर्ष सम्म विलम्ब शुल्क

नतिरी नविकरण नगर्ने संस्था स्वतः विघटन भएको मानिनेछ ।

(४) उपदफा (३) बमोजिम प्रतिवर्ष गर्नु पर्ने नविकरण नगरेमा प्रतिवर्ष रु.१०० का दरले विलम्ब शुल्क लाग्नेछ ।

९. **विधान संशोधनः** (१) उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नु परेमा विधानको प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ र समितिले तत् सम्बन्धमा आवश्यक जाँचवुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

१०. **वातावरण तथा विपद समिति र वैठक** : (१) गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन समितिले खानेपानी उपभोक्ता समिति / संस्थालाई दर्ता प्रमाण पत्र उपलब्ध गराउनका लागि भुम्लु गाउँकार्यपालिकालाई सिफारिस गर्ने र नियमन गर्ने छ ।

(२) समितिको वैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ । वैठकको कार्यविधि समिति आफैले तय गरे बमोजिम हुनेछ । समितिले आवश्यक ठानेमा विषय विज्ञका रुपमा जिल्ला डिभिजन वन कार्यालय, सिँचाई कार्यालय, खानेपानी डिभिजन कार्यालय, भू-संरक्षण कार्यालय , जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय वा यस्तै कार्यालयबाट अधिकृत स्तरको प्रतिनिधि, स्थानीय सामुदायिक वन उपभोक्ता समिति , सम्बन्धीत वडाको वडा अध्यक्ष वा

प्रतिनिधि, गाउँपालिकाका सम्बन्धीत शाखाका प्रमुखहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

**११.** **<u>सार्वजनिक सूचना प्रकाशन गर्ने</u>**: (१) दफा १०(१) बमोजिमको प्रमाण पत्र उपलब्ध गराउनु अघी दावी विरोधका लागि समितिबाट ३५ दिने सूचना प्रकाशित गर्नु पर्नेछ ।

अनुसूची-१

(दफा ६ को उपदफा (२) बमोजिम )

निवेदनको ढाँचा

मितिः

श्रीमान संयोजक ज्यू
वातावरण तथा विपद व्यवस्थापन समिति
भुम्लु गाउँपालिका, सल्ले काभ्रेपलाञ्चोक

**विषयः खानेपानी/जलश्रोत उपभोक्ता संस्था / समिति दर्ता गरी पाउँ**

महोदय,

हामीले भुम्लु गाउँपालिका वडा न......... स्थित ........................................मा रहेको खानेपानी मुहान संरक्षण गरी सामुहिक हितको उपयोगका लागि स्थानीय उपभोक्ताहरुको भेलाले खानेपानी उपभोक्ता समिति गठन गरेकाले देहाय बमोजिमका विवरण उल्लेख गरी आवेदन दिएका छौ । माथि उल्लेखित खानेपानीको मुहान र उपभोक्ता संस्था/ समिति दर्ता गरी पाउँ भनी अनुरोध गर्दछौ ।

तपशिलः

१. खानेपानी उपभोक्ता संस्था/ समितिको नामः

२. कार्य क्षेत्रः भुम्लु गाउँपालिका वडा न.........

३. उदेश्यहरुः

क)

ख)

ग)

४. उपयोग गरिने जलस्रोत विवरण :

क) जलस्रोतका नाम र रहेको ठाउँः

ख) जलस्रोतबाट गरिने काम / जलस्रोतको उपयोगको क्षेत्रः

ग) उपभोक्ता समितिले उपयोग गर्न चाहेको जलस्रोतको परिणामः

घ) उक्त जलस्रोतको हाल भईरहेको उपयोगः

८. उपभोक्ता समितिले पुर्याउन चाहेको सेवाको विवरण :

क) सेवाको किसिमः

ख) सेवा पुर्याउने क्षेत्रः

ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः

घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

९. समितिको ठेगान र सम्पर्क व्यक्तिको टेलिफोन न. :

संलग्न कागजातहरुः

१) उपभोक्ता समिति गठनका लागि आयोजित भेलाको उपस्थिति र निर्णयको छाँयाप्रति

२) उपभोक्ता समितको विधानको छाँयाप्रति

३) उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको छाँयाप्रति

४) वडा कार्यालयको सिफारिस

निवेदक

सहि................

नामः

पदः

भुम्लु गाउँपालिका वडा न.

अनुसुची-२

(दफा ७ को उपदफा (१) बमोजिम)

भुम्लु गाउँपालिका

सल्ले, काभ्रेपलाञ्चोक

दर्ता मितिः

दर्ता न.

**खानेपानी /जलश्रोत उपभोक्ता संस्था / समिति दर्ता प्रमाण पत्र**

श्री ..........................................

भुम्लु गाउँपालिका वडा न......

भुम्लु गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन समितिको मिति........ .................................... मा भएको निर्णय बमोजिमको सिफारिस तथा भुम्लु गाउँपालिकाको मिति ..........................................निर्णय बमोजिम भुम्लु गाउँपालिका जलश्रोत व्यवस्थापन कार्यविधि २०७७ बमोजिम यस कार्यालयमा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ । गाउँपालिकाको निर्देशन तथा कार्यविध बमोजिम कार्यक्रम सञ्चालन गरी आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र तोकिएको दस्तुर तिरी नविकरण गर्नु हुन जानकारी साथ अनुरोध गरिन्छ ।

दस्तखत .....................................

नाम र थर :

पद

**आज्ञाले,**

**मदन कुमार बजगाई**

**प्रमुख प्रशासकीय अधिकृत**